**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - ३२**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ श्रावण १६ गते बिहीबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको बत्तीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **अपरान्ह ३:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. नैनकला ओझा**ले अविरल वर्षाका कारण तराईका दश जिल्लामा बाढीले पुऱ्याएको क्षतिका सम्बन्धमा सम्माननीय अध्यक्ष सहितको सर्वदलीय टोलीले अवलोकन गरी प्रतिवेदन समेत बुझाएकोमा धन्यवाद व्यक्त गर्नुहुँदै उक्त प्रतिवेदन अनुसारको कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रकाश पन्थ**ले कक्षा बाह्रको नतिजा गत श्रावण तेह्र गते आएको तर पन्ध्र गते नै इन्ट्रान्सको म्याद सकिने गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान लगायत अन्य विश्वविद्यालयका विभिन्न कलेजहरूले नतिजा अगावै इन्ट्रान्सको लागि सूचना जारी गरेबाट दूरदराजका विद्यार्थीहरूलाई पर्न गएको समस्यामाथि दृष्टिगत गरी पन्ध्रदेखि तीस दिनसम्म म्याद थप्न सम्बन्धित विश्वविद्यालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. बलराम प्रसाद बाँस्कोटा**ले नेपालको गौरवमय इतिहासलाई चलचित्रात्मक वा तस्वीरात्मक रूपमा प्रस्तुत गर्न संग्रहालयको स्थापना गर्नुपर्नेमा जोड दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय दिनुभयो :

**मा. खिमलाल भट्टराई**ले विश्वविद्यालय शिक्षामा आवश्यक सुधार गर्न विश्वविद्यालयमा हुने दलीय भागवण्डाको अन्त्य गरिनुपर्ने, विश्वविद्यालयमा भइरहेको मनपरी तथा गैरप्राज्ञिक कार्य रोकी विश्वविद्यालयलाई जनताप्रति उत्तरदायी बनाउन विश्वविद्यालयको अनुगमन तथा मूल्याङ्कनका लागि संघीय संसद्ले एक विशेष समिति बनाउनुपर्ने, प्रतिस्पर्धाबाट प्राध्यापक छनौट गर्ने पद्धतिको अवलम्बनका साथै विश्वविद्यालय सेवा आयोगलाई नियमित गर्नुपर्ने, प्रत्येक निर्वाचन क्षेत्रमा एक सामुदायिक विज्ञान मा.वि. (कक्षा ११ र १२) र प्रत्येक प्रदेशमा कम्तीमा एकएक वटा सामुदायिक मेडिकल तथा इञ्जिनियरिङ क्याम्पस स्थापना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. राधेश्याम अधिकारी**ले तरकारी र खाद्यान्नमा भएको अत्यधिक मूल्य वृद्धिका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सुधार गर्न 'सार्वजनिक-निजी साझेदारी' नीति लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. दिलकुमारी रावल थापा (पार्वती)** ले अठार सय सत्चालीस ठेक्का कम्पनीले पेश्की लिएर कामै नगरेकाले गृह मन्त्रालयले छानविन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको भन्ने सुन्नमा आएकोले सरकारले सोको वास्तविकता सदनलाई जानकारी गराउनुपर्ने बताउनुहुँदै अस्थायी प्रकृतिका बसोबास, लालपूर्जा, भूमिहीन तथा सुकुम्बासी लगायत जग्गासँग सम्बन्धित समस्याको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

**मा. रामपृत पासवान**ले गत जेठ पन्ध्र गते लोकसेवा आयोगद्वारा प्रकाशित विज्ञापनले समावेशी र समानुपातिक प्रतिनिधित्वलाई नजरअन्दाज गरेकोले मधेशी, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्ग र पिछडिएको क्षेत्रका जनता आन्दोलनमा रहेका तर सरकारले समस्या समाधान गर्न कुनै पहल नगरेको आरोप लगाउनुभयो ।

**मा. जितेन्द्रनारायण देव**ले अहिले देशका विशेष गरी सुनसरी र मोरङ जिल्लाका केही भाग र मुख्य गरी दुई नं. प्रदेशका अधिकांश भागहरू बाढी र डुबानमा परी त्यहाँका जनताले अत्यन्त कारुणिक र दर्दनाक जीवन व्यतीत गर्नु परिरहेको सन्दर्भ उल्लेख गर्नुहुँदै हरेक वर्ष आइपर्ने यस्ता दर्दनाक अवस्थाको समाधान गर्न सरकारले बाढी तथा डुबान सम्बन्धी तत्कालीन, अल्पकालीन र दीर्घकालीन नीति तथा निर्णय गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. रमेशप्रसाद यादव**ले भीषण बाढीले तराईका जिल्लामा पुऱ्याएको जनधनको क्षति सम्बन्धमा स्थलगत भ्रमण गर्ने सम्माननीय अध्यक्ष सहितको सर्वदलीय टोलीलाई धन्यवाद प्रकट गर्नुहुँदै पीडित परिवारलाई संघीय सरकारबाट सहयोगको घोषणा हुनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय डा. विमला राई पौड्याल, माननीय रामनारायण बिडारी र माननीय कालीबहादुर मल्लले संयुक्त रूपमा "नेपाल सरकारबाट लागू गरिएको वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ र विद्युतीय सवारी सम्बन्धी राष्ट्रिय कार्ययोजना" कार्यान्वयनको अवस्थाका सम्बन्धमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको ध्यानाकर्षणका लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६७ बमोजिम ध्यानाकर्षण प्रस्ताव दर्ता गर्नुभएको व्यहोरा जानकारी गराउनुहुँदै ध्यानाकर्षण प्रस्ताव दर्ता गर्ने माननीय सदस्यहरूको तर्फबाट माननीय डा. विमला राई पौड्याललाई माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको ध्यानाकर्षण सम्बन्धी प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठलाई उक्त ध्यानाकर्षणको सम्बन्धमा जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले ध्यानाकर्षण प्रस्ताव दर्ता गर्ने माननीय सदस्यहरूले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले ध्यानाकर्षणका सम्बन्धमा दिनुभएको जवाफमाथि स्पष्टीकरण माग गर्न चाहेमा समय दिनुहुँदा माननीय डा. बिमला राई पौड्यालले स्पष्टीकरण माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठलाई माननीय सदस्यले माग गर्नुभएको स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्न अनुमति दिनुहुँदै ध्यानाकर्षण प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्वकर्मा) लाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि सदनमा छलफल गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको उक्त प्रतिवेदन सहितको "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" माथि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषंगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा गराउनुहुँदै उक्त छलफलमा भाग लिन चाहने माननीय प्रकाश पन्थलाई समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्वकर्मा) लाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिनुहुँदै उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४६ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५” का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ४६ सम्म उल्लिखित संशोधनहरूलाई “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको २ देखि ४८ सम्मका दफालाई “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

> “प्रस्तावना : खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा राष्ट्रियस्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।
>
> संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “राष्ट्रिय खेलकुद विकास ऐन, २०७५” रहेको छ ।
>
> (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।”

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको प्रस्तावना र नाम “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ को अंग बनोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगत बहादुर सुनार (विश्वकर्मा) लाई “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ लाई पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल साउन २२ गते बुधबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ४:३० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव